१२६६/८८१

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ५२९/२०७२/०७३

निर्णय नं. ८८१

फ्रिडम फोरम, थापाथली, काठमाडौंका नोदनाथ त्रिताल समेत........................................२ पुनरावेदक

**विरूद्ध**

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), सप्तकोशी नगरपालिका कार्यालय, सप्तरी......................१ विपक्षी
सूचना अधिकारी, सप्तकोशी नगरपालिका कार्यालय, सप्तरी

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका नोदनाथ त्रिताल समेतले सप्तकोशी नगरपालिका कार्यालय, सप्तरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।२२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम सप्तकोशी नगरपालिका कार्यालय, सप्तरीलाई मिति २०७२।०७।२९, च.नं. ४३६ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त सप्तकोशी नगरपालिका कार्यालय, सप्तरीको मिति २०७३।०१।१२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगमा प्रेषित गराईएकोले यसको प्रतिलिपि पुनरावेदकलाई उपलब्ध गराई प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ २३ गते रोज १ शुभम् ।